घरपभ्कोङ गाउँपालिका

**गाउँ कार्यपालिकाको ५०औं बैठकको निर्णयहरु**

मिति २०८२।०४।२५

घरपभ्कोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोमसोम, मुस्ताङ गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

यस घरपभ्कोङ गाउँ कार्यपालिकाको मिति २०८२।४।१३ गते बसेको ४९औं बैठकमा १३ वटा निर्णयहरु भएकोमा मुख्य रुपमा विषयगत समितिहरुको गठन र ७५३ स्थानीय तहका प्रमुखहरुको वातावरण तथा जलवायु सम्मेलन गर्ने सम्बन्धमा रहेको थियो । अन्य निर्णयहरुमा Australia को Maribyrnong सँग भगिनी सम्बन्ध स्थापना गर्ने, अख्तियार दुरुपयोग र उच्च अदालत पोखराको मुद्दा सम्बन्धी विषय, मौरी पालन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गरियो साथै फोहरमैला व्यवस्थापन सम्बन्धमा भएका निर्णयहरुको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको व्यहोरा जानकारी भयो

**प्रस्ताव नं. २ :-**

ईरिक्साको भाडा दर तोक्ने सम्बन्धमा ।

**निर्णय नं. २ :-**

मिति २०८२।४।२५ गते बसेको सोरोकारवालाहरुको बैठकमा निर्धारण भएको तपसिल बमोजिमको ईरिक्साको भाडा दरलाई स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

| क्र.सं. | देखि | सम्म | दररेट | कैफियत |
|---|---|---|---|---|
| १ | जोमसोम | ठिनी गाउँ | रु.२००।- | |
| २ | ,, | एयरपोर्ट | रु.१००।- | |
| ३ | ,, | ढुक्चे/स्याङ | रु.२००।- | |
| ४ | ,, | मार्फा | रु.४००।- | |
| ५ | ,, | सामाग्री | रु.४५०।- | |
| ६ | ,, | छैरो/लक्की | रु.५००।- | |
| ७ | ,, | पाण्डा खोला | रु.२००।- | |

साथै व्यक्तिगत रुपमा भाडा लिंदा रिजर्भको भाडा दरलाई ४ले भाग गर्दा आउने भाडा तोक्ने र चालकले परिचय खुल्ने कागजात साथमा राख्नुपर्नेछ । तोकिएको भाडा भन्दा बढी रकम लिन पाईने छैन र भाडा दर अटो रिक्सामा सबैले देख्न सक्ने ठाउँमा टांस गर्नुपर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :-**

गत आ.ब. २०८१।८२ को बार्षिक समिक्षा सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

यस घरपभ्कोङ गाउँपालिकाबाट गत आ.ब. २०८१।८२ मा कार्यान्वयन भएको योजना तथा कार्यक्रमहरुको बार्षिक समिक्षा गोष्ठी सञ्चालन गर्ने सम्बन्धमा छलफल भयो । समिक्षा गोष्ठी

निर्णय प्रमाणित
०८२।०४।२५

सञ्चालन गर्ने सम्बन्धमा कार्यालयले उपयुक्त मिति तय गरी जानकारी गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :-**

न्यूनतम् पारिश्रमिक कार्यान्वयन सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

नेपाल सरकार, श्रम रोजगार कार्यालय, पोखराको च.नं.३५ मिति २०८२।४।१६ को प्राप्त पत्र उपर छलफल हुँदा यस गाउँपालिकाको ४ वटा वडा कार्यालयहरु, र मार्फा स्वास्थ्य चौकी र चिमाङ आधारभुत स्वास्थ्य सेवा केन्द्रमा सेवा करारमा कार्यरत कार्यालय सहयोगी (सरसफाई सहयोगी)हरुलाई हाल उपलब्ध गराईएको मासिक पारिश्रमिक रु.१५०००।- मा रु.४५५०।- थप गरी रु.१९५५०।- मासिक पारिश्रमिक कायम गर्ने र २०८२ सालको श्रावण १ गते देखि नै लागु हुने गरी उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :-**

कृषि मेला प्रदर्शनीमा उपलब्ध गराउने पुरस्कार रकम सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

२०८२ साल भाद्र ३१ गते सञ्चालन हुने जलवायु परिवर्तन सम्मेलनको अवसरमा आयोजना गरिने कृषि मेला प्रदर्शनीमा उत्कृष्ट हुने कृषकहरुलाई कार्यालयको अन्य कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी हुनेगरी तपसिल बमोजिम नगद पुरस्कार उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | बाली समूह | उपसमूह | प्रथम (रु) | द्वितीय (रु) | सान्तवना (रु) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्याउ (लोकल) | रातो | ३००० | १५०० | - | |
| २ | स्याउ (लोकल) | गोल्डेन | ३००० | १५०० | - | |
| ३ | स्याउ (हाईब्रिड) | रातो | ३००० | १५०० | - | |
| ४ | स्याउ (हाईब्रिड) | गोल्डेन | ३००० | १५०० | - | |
| ५ | अन्नबाली | फापर | १५०० | ७०० | - | |
| | | मकै | १५०० | ७०० | - | |
| | | आलु | १५०० | ७०० | - | |
| ६ | लहरेबाली | लौका | १५०० | ७०० | - | |
| | | करेला | १५०० | ७०० | - | |
| | | सिमी | १५०० | ७०० | - | |
| | | काक्रो | १५०० | ७०० | - | |
| | | फर्सी | १५०० | ७०० | - | |
| ७ | जरेबाली | मुला | १५०० | ७०० | - | |
| | | गाजर | १५०० | ७०० | - | |
| | | सलगम | १५०० | ७०० | - | |
| | | चुकन्दर | १५०० | ७०० | - | |
| ८ | तरकारीबाली | रायो | १५०० | ७०० | - | |
| | | स्वीचार्ड साग | १५०० | ७०० | - | |

निर्णय प्रमाणित
२०८२।०४।२८

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बन्दा | १५०० | ७०० | - | |
| | | काउली | १५०० | ७०० | - | |
| | | ब्रोकाउली | १५०० | ७०० | - | |
| | | क्याप्सिकम | १५०० | ७०० | - | |
| | | खुर्सानी | १५०० | ७०० | - | |
| | | गोलभेंडा | १५०० | ७०० | - | |
| ९ | उल्लेखित बाली बाहेक | - | - | - | ५०० | |

**प्रस्ताव नं. ६ :-**

विपद् व्यवस्थापन तर्फ सामान खरिद सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

यस घरपझोङ गाउँपालिका क्षेत्र भित्र सम्भावित विपद्लाई मध्येनगर गर्दै चालु आ.ब. २०८२।८३ को विपद् व्यवस्थापन कोष शिर्षकबाट खर्च गर्ने गरी रु.५,००,०००।- (पाँच लाख) को परिधि भित्र रहेर जस्ता पाता, ट्रसपोल र पि-फोम साथै अन्य आवश्यक फिटिङमा प्रयोग हुने सामाग्रीहरु खरिद गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :-**

सन्देशमूलक जानकारी प्रचार प्रसार सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

मिति २०८२ साल भाद्र महिनाको ३१ गते सञ्चालन हुने जलवायु परिवर्तन सम्मेलनको प्रचार प्रसार साथै मुस्ताङ जिल्लामा आउने पर्यटकहरुलाई मुस्ताङ भ्रमणमा आउँदा अपनाउनु पर्ने सावधानी तथा सचेतनामूलक जानकारी दिने उद्देश्यका साथ उयपुक्त समयमा पोखरामा पत्रकार सम्मेलन आयोजना गर्ने र पत्रकार सम्मेलनमा लाग्ने जलपान खर्च गाउँपालिकाको पर्यटन प्रवर्द्धन शिर्षकबाट खर्च गर्ने सर्वसम्मत निर्णय गरियो । साथै पत्रकार सम्मेलन आयोजना गर्ने सम्बन्धी जिम्मा गाउँपालिका अध्यक्षलाई दिने समेत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

कार्यपालिका र प्रमुख प्रशासकीय अधिकृत बीचको कार्यसम्पादन सम्झौता सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

चालु आर्थिक बर्ष २०८२।८३ को लागि यस गाउँ कार्यपालिका र यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बीच तपसिल बमोजिम कार्यसम्पादन सम्झौता गर्ने सर्वसम्मत निणर्य गरियो ।

**तपसिल :-**

**घरपझोङ गाउँ कार्यपालिका र प्रमुख प्रशासकीय अधिकृत बीचको कार्यसम्पादन सम्झौता**

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा नियमावली, २०६५, निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सबै नेपाल सरकारबाट समय समयमा जारी

निर्णय प्रमाणित

निर्देशन एवं परिपत्रमा उल्लिखित प्रावधानका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतले निम्न बमोजिम कार्य गर्नेगरी यो कार्यसम्पादन सम्झौता गरिएको छ।

१. गाउँसभा तथा गाउँ कार्यपालिकाबाट पारित निर्णय कार्यान्वयन गर्ने गराउने र कार्यान्वयनको अवस्थाबारे बैठकमा जानकारी गराउने।
२. कार्यालय व्यवस्थापनमा नयाँ प्रविधि र सिपको उपयोग गरी छिटो छरितो रुपमा सेवा प्रवाह गर्ने गराउने।
३. वित्तीय सुशासन कायम राख्न प्रचलित आर्थिक कानूनहरुको पालना गर्ने गराउने।
४. "म भ्रष्टाचार गर्दिन र गर्न दिन्न" भन्ने मन्त्रलाई कार्यान्वयन गरी भ्रष्टाचारको मामिलामा शून्य सहनशीलतालाई कार्यान्वयन गर्ने गराउने।
५. गाउँपालिकामा आवश्यक पर्ने कानून निर्माणमा सहयोग र सहजीकरण गर्ने।
६. आँफू मातहतका कर्मचारीहरुसँग कार्यसम्पादन करार गरी क्षमता अभिवृद्धिमा आवश्यक प्रशिक्षण तथा तालिम व्यवस्थापन गर्ने, प्रोत्साहन, पुरस्कार र दण्डको अवलम्वन गर्ने।
७. कार्यालयसँग सम्बन्धित कागजात गाउँ कार्यपालिका र अध्यक्षले चाहेको बखत उपलब्ध गराउने।
८. गाउँपालिकासँग सम्बन्धित तथ्यांकहरु अभिलेखीकरण र अध्यवधिक गरी राख्ने।
९. विकास निर्माणका कार्यक्रमहरु कार्यान्वयनमा अधिकतम भौतिक तथा वित्तीय प्रगति हासिल हुनेगरी क्रियाशील रहने।
१०. आन्तरिक आय वृद्धिमा निरन्तर क्रियाशील रहने।
११. बेरुजु हुन नदिने र भइरहेको बेरुजु घटाउन क्रियाशील रहने।
१२. गाउँपालिका र अन्तर्गतका कार्यालयहरुको जिन्सी व्यवस्थित गर्ने गराउने।
१३. विदा वा काजमा कार्यालय बाहिर रहँदा जानकारी गराउने र ७ दिन भन्दा बढी विदा वा काज लिनुपरेमा अनिवार्य रुपमा स्वीकृत गराउने।
१४. आँफू लगायत सम्पूर्ण कर्मचारीहरु राजनीतिप्रति तटस्थ र सेवा प्रवाहप्रति प्रतिवद्ध रहनुपर्ने । Professionalism र Chain या Command लागू गर्ने गराउने।
१५. कार्यालयका महत्वपूर्ण सूचना तथा तथ्यांकहरु अद्यावधिक गरी नियमित रुपमा वेवसाइटमा राख्न लगाउने।
१६. कार्यालयको वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्रमा समीक्षाको लागि कार्यपालिकामा पेश गर्ने।
१७. प्रत्येक चौमासिकमा कार्यालयबाट प्रदत्त सेवा प्रवाहमा नविनता र सरलताको आभाष गराउनु पर्ने।
१८. उपरोक्त बुँदाहरु कार्यान्वयन गर्न गराउन गाउँ कार्यपालिकाले आवश्यक सहयोग उपलब्ध गराउने।

**प्रस्ताव नं. ९ :-**

गाउँपालिकाबाट निर्माण सम्पन्न भएका पूर्वाधार निर्माण योजनाहरुको उद्घाटन सम्बन्धमा।

**निर्णय नं. ९ :-**

यस घरपझोङ गाउँपालिकाले निर्माण सम्पन्न गरेका तपसिल बमोजिमका पूर्वाधार निर्माण योजनाहरु निम्नानुसार उद्घाटन कार्यक्रम सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय प्रमाणित।
०८२।०४।२५

**तपसिल :-**

| क्र.सं. | योजनाको नाम | निर्माण सम्पन्न भएको स्थान | उद्घाटन गरिदिनका लागि अनुरोध गर्ने पदाधिकारी | कैफियत |
|---|---|---|---|---|
| १ | जोमसोम एयरपोर्ट प्रवेश द्वार | जोमसोम एयरपोर्ट, पुथाङ | संघीय माननीय | |
| २ | पर्यटन सूचना केन्द्र | जोमसोम | प्रदेश माननीय | |
| ३ | मार्फा-छैरो बेली बृज | मार्फा/छैरो | गाउँपालिका | |
| ४ | साउना बाथ | स्याङ | गाउँपलिका | |

साथै उद्घाटन कार्यक्रमको लागि योजनाको शिलालेख तयार गर्ने लगायत जलपान खर्च गाउँपालिकाबाट व्यवस्थापन गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० :-**

फोहरमैला व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. १० :-**

गाउँपालिका क्षेत्रभित्र व्यक्तिगत घरहरु, पसलहरु, होटलहरु र पर्यटक लिई आउने सवारी साधनहरुबाट निस्कने फोहरमैलालाई व्यवस्थापन गर्न आवश्यक भएकोले मुख्य मार्गमा रहेका होटलहरु तथा सवारी साधनहरुलाई फोहरमैला व्यवस्थापनमा बानी बसाल्नका लागि होटलहरुका लागि कुहिने र नकुहिने फोहरमैला व्यवस्थापन गर्न २/२ वटाका दरले ठुलो डस्टबिन उपलब्ध गराउने र सवारी साधनहरुका लागि सानो आकारको १/१ वटा डस्टबिन उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो । डस्टबिनहरुको साईज र आवश्यक परिमाण कार्यालयले तय गर्ने र खरिदको लागि लाग्ने खर्च चालु आ.ब.२०८२।८३ को फोहरमैला व्यवस्थापन शिर्षकबाट खर्च गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ११ :-**

जलवायु परिवर्तन सम्मेलनमा मुख्य अतिथि आमन्त्रण गर्ने सम्बन्धमा ।

**निर्णय नं. ११ :-**

यस गाउँपालिकाको आयोजनामा मिति २०८२।५।३१ गते सञ्चालन हुने ७५३ पालिका प्रमुखहरुको जलवायु परिवर्तन सम्मेलनको कार्यक्रममा प्रमुख अतिथि तथा विशिष्ट अतिथिको रुपमा आमन्त्रण गर्नको लागि पदाधिकारीज्यूहरु सँग सम्पर्क गरी कार्यक्रम तय गर्ने जिम्मा गाउँपालिका अध्यक्षलाई दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित
०८२।०४।२५

घरपघोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल